# भरतपुर खानेपानी व्यवस्थापन बोर्ड

## भरतपुर, चितवन

### सूचीकृत हुन आउने सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०८३/०४/०४**

यस भरतपुर खानेपानी व्यवस्थापन बोर्डको आ.व. २०८३/०८४ का लागि आवश्यक पर्ने तपसिलमा उल्लिखित मालसामान तथा सेवाहरू आवश्यकता अनुसार आपूर्ति, निर्माण तथा मर्मत– सम्भार गर्न इच्छुक प्रचलित कानूनबमोजिम दर्ता भएका रजिष्टर्ड फर्म/कम्पनीहरूलाई **मौजुदा सूचीमा सूचीकृत गर्ने प्रयोजनार्थ** आवश्यक विवरण तथा कागजातसहित निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्म/कम्पनीहरूले आफूले आपूर्ति तथा सेवा प्रदान गर्न सक्ने विषयको स्पष्ट विवरणसहित फर्म/कम्पनी दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, ठेगाना तथा सम्पर्क विवरण, सम्बन्धित कार्यको अनुभव र अन्य आवश्यक कागजात संलग्न गरी यस कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ। प्राप्त निवेदन तथा कागजातहरूको आवश्यक जाँचबुझपश्चात् योग्य फर्म/कम्पनीहरूलाई **प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सम्बन्धित नियमावलीमा भएको व्यवस्थाबमोजिम मौजुदा सूचीमा सूचीकृत** गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क.सं. | विवरण |
|---|---|
| १ | मसलन्द तथा सामान्य स्टेशनरी सामग्री आपूर्ति, छपाई सम्बन्धी कार्य। |
| २ | कार्यालय उपकरण, कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, राउटर, सीसी क्यामेरा, नेटवर्किङ तथा अन्य सूचना प्रविधि सामग्रीको आपूर्ति, जडान तथा मर्मत सम्भार सम्बन्धी कार्यहरू। |
| ३ | सेनेटरी, हाडवेयर, प्लम्बिङ पाइप, फिटिङ्स, भल्भ तथा खानेपानी प्रयोजनका अन्य सामग्रीहरूको आपूर्ति सम्बन्धी कार्य। |
| ४ | निर्माण सामग्रीहरूको आपूर्ति एवं निर्माण सम्बन्धी सम्पूर्ण कार्यहरू। |
| ५ | विभिन्न इलेक्ट्रोनिक्स सामग्री तथा उपकरणहरूको आपूर्ति, जडान एवं मर्मत सम्बन्धी कार्यहरू। |
| ६ | बुस्टर पम्प, रिजर्भ पम्प, मोटर, पम्प तथा विद्युत्/यान्त्रिक सामग्रीहरूको आपूर्ति तथा मर्मत सम्भार सम्बन्धी कार्यहरू। |
| ७ | पाईप लिकेज/मर्मतका लागि स्थानिय स्तरमा प्रयोग गर्न सकिने क्ल्याम्प, ग्यासेट, काँचो रवर लगायत अन्य सामग्रीहरूको आपूर्ति सम्बन्धी कार्य। |
| ८ | कन्सल्टेन्सी, प्राविधिक परामर्श, सर्वेक्षण, डिजाइन, इन्जिनियरिङ तथा अन्य प्राविधिक सेवा सम्बन्धी कार्यहरू। |
| ९ | कुरियर, विज्ञापन तथा सूचना प्रकाशन सम्बन्धी कार्यहरू। |
| १० | परिचयपत्र, आईडी कार्ड, प्लेक्स, साइन बोर्ड, स्टिकर तथा कार्यालयका अन्य मुद्रण/प्रचार सामग्री आपूर्ति सम्बन्धी कार्यहरू। |
| ११ | सम्पत्ति/उपकरण बीमा, कर्मचारी दुर्घटना बीमा तथा खानेपानी योजनासँग सम्बन्धित बीमा सम्बन्धी कार्यहरू। |
| १२ | फोटोकपी, प्रिन्टर मेसिनमा लाग्ने मसी, रिबन, टोनर तथा कार्ट्रिज आपूर्ति सम्बन्धी कार्यहरू। |
| १३ | फर्निचर, कुर्सी, टेबल तथा कार्यालय फर्निचर सामग्रीहरूको आपूर्ति एवं मर्मत सम्भार सम्बन्धी कार्यहरू। |
| १४ | विद्युतीकरण कार्य, विद्युत सामग्री तथा उपकरणहरूको आपूर्ति एवं मर्मत सम्भार सम्बन्धी कार्यहरू। |
| १५ | बाह्य लेखापरीक्षण तथा लेखा सम्बन्धी सेवा कार्यहरू। |
| १६ | विभिन्न प्रकारका कार्यक्रम, गोष्ठी/सेमिनार सञ्चालनका लागि हल, आवास, खाना, नास्ता तथा अन्य व्यवस्थापन सम्बन्धी कार्यहरू। |
| १७ | खानेपानी योजना सम्बन्धी कार्य गर्ने स्थानीय दक्ष जनशक्ति तथा मर्मत सम्भार कर्ताबाट सेवा लिने सम्बन्धी कार्यहरू। |
| १८ | खानेपानी योजना निर्माण/मर्मत सम्भार सम्बन्धी दक्ष प्राविधिक, ठेकेदार, मिस्त्री तथा अन्य आवश्यक सेवा सम्बन्धी कार्यहरू। |
| १९ | खानेपानीसँग सम्बन्धित अन्य वस्तु तथा सेवासम्बन्धि कार्यहरु । |

**थप जानकारीका लागिः**

सम्पर्क नं. : ०५६-४९३९१६

वेबसाइट : https://bwsmb.org.np

कार्यालय प्रमुख